# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, फागुन २८ गते २०६३ साल (संख्या ४५

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौन रोग केन्द्रको लागि Family Health International (FHI) USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २०,५७७.९४ (बीस हजार पाँच सय सतहत्तर सेण्ट चौरानब्बे) मूल्य बराबरको एड्स रोगीहरूको लागि निःशुल्क रूपमा वितरण गरिने ARV औषधिहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आवद्ध "आरोहण" नामको गैर सरकारी संस्थाको लागि डच नागरिक Marius P. Groot बाट उपहार स्वरुप प्रदान गरिने यूरो १२९६.१२ (एक हजार दुई सय

392

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छब्बिस सेण्ट बाऱ्ह) मूल्य बराबरको Theatretechnical Equipment आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग सम्झौता भई कार्यरत Medecians San Frontieres नामको अन्तर्राष्ट्रिय गैर सरकारो संस्थाद्वारा रुकुम जिल्लामा सञ्चालित स्वास्थ्य कार्यक्रमको लागि Medecians San Frontieres, France बाट उपहार स्वरुप प्रदान गरिने यूरो ४०,६३१.७८ (चालिस हजार छ सय एकतिस सेण्ट अठहत्तर) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी भारत सरकारले नेपाल सरकारलाई सहयोग स्वरुप प्रदान गरिने भा. रु. ३,५७,५०,०००।- (तीन करोड सन्ताउन्न लाख पचास हजार) मूल्य बराबरको १००० (एक हजार) थान 4m. Unit को Tent Extendible Frame आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका अन्य कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी UN Mission in Nepal को प्रयोगको लागि भारत सरकारले सहयोग स्वरूप प्रदान गरिने Vehicles and Logistical Equipments आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको भन्सार महसुल, मल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायत अन्य कर शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Centre का Medical Director, Dr. Sanduk Ruit ले प्राप्त गर्नु भएको सन् २००६ को अमेरिकी डलर ५०,०००.०० (पचास हजार) राशीको रोमन म्यागासेसे पुरस्कार रकममा आकस्मिक लाभ कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital भरतपुर, चितवनले यूरो १६,०५०.०० (सोह्र हजार पचास) मूल्य बराबरको Cystos Copy को Spare Parts–Telescope आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोगगरी AMDA NEPAL द्वारा सञ्चालित रुपन्देही जिल्ला स्थित सिध्दार्थ बाल तथा महिला अस्पतालको लागि AMDA Japan बाट सहयोग स्वरुप प्रदान गरिने जापानी येन १,४८,६५,५००.०० (एक करोड अठ्चालिस लाख पैसठी हजार पाँच सय) मूल्य बराबरको Used Medical Equipment आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृध्दि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी Japan International Co-operation Agency (JICA)



395

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ले टोयोटा ल्याण्ड क्रुजर सवारी साधन २ (दुई) थान निर्वाचन आयोग-लाई हस्तान्तरण गरी निलो प्लेटबाट सेतो प्लेटमा परिणत गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्य सबै कर तथा शुल्कहरू छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो. ह. ब. नं. १६।२०६२।६३

५७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार